त्रिभुवनविश्वविद्यालय
पो.व.नं. ८२१२, कीर्तिपुर,
काठमाडौं, नेपाल ।
फोन : ४३३०४३९

TribhuvanUniversity
P.O. Box 8212,Kirtipur
Kathmandu, Nepal.
Phone No. 4330439

# रजिष्ट्रारको कार्यालय

OFFICE OF THE REGISTRAR

कर्मचारी प्रशासनमहाशाखा

## त्रिभुवन विश्वविद्यालयका सबै निकायहरुका लागि
## सम्पति विवरण अनलाइन सफ्टवेरमा प्रविष्ट गर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयमा कार्यरत सबै पदाधिकारी, शिक्षक, कर्मचारीले आर्थिक वर्ष शुरु भएको ६० दिनभित्र सम्पति विवरण भर्नुपर्ने बेहोरा जानकारी नै छ । यस वर्ष पनि अघिल्लो वर्ष जस्तै राष्ट्रिय सतर्कता केन्द्रले तयार गरेको अनलाइन सफ्टवेयरमा सम्बन्धित कार्यालयबाटै समयमै आ.व. २०७३/०७४ को सम्पति विवरण बुझाउने, ढिलो बुझाउने र नबुझाउने पदाधिकारी, शिक्षक, कर्मचारीको विवरण भर्नुपर्ने व्यवस्था गरिएको छ । यसको लागि त्रिभुवन विश्वविद्यालय, कर्मचारी प्रशासन महाशाखाबाट समन्वय गर्ने काम भइरहेको छ । सफ्टवेयरमा डाटा प्रविष्ट गर्नको लागि User Name and password अघिल्लो वर्ष उपलब्ध गराइएको थियो । User Name and password नभएको भए सम्पर्क गर्नुहुन अनुरोध छ । सम्पति विवरणको सम्पूर्ण विवरण कर्मचारी प्रशासन महाशाखाबाट भाद्र २८ गतेभित्र शिक्षा मन्त्रालयमा बुझाइ सक्नुपर्ने भएकाले र पछिल्ला दिनहरुमा सर्भरमा समस्या आउने तथा कार्यबोझ बढी हुने कारण डाटा प्रविष्ट गर्न समस्याहुन सक्ने भएकोले विवरण २०७४ भाद्र २० गते भित्र भरिसक्नु अनुरोध छ ।यस सम्वन्धमादेहायबमोजिमगर्नुहुन अनुरोध छ ।

१) उपकुलपति, सेवा आयोगको अध्यक्ष, शिक्षाध्यक्ष, रजिष्ट्रार, सेवा आयोगको सदस्यको सम्पति विवरण शिक्षा मन्त्रालयमा नै बुझाउनुपर्ने भएकोले सो बुझाई भाद्र २७ गतेभित्र नै कर्मचारी प्रशासन महाशाखालाई जानकारी दिनुहुन ।
२) केन्द्रीय कार्यालयका पदाधिकारी, शिक्षक, कर्मचारीको सम्पति विवरण लाहाछाप गरी बुझीलिई देहाय वमोजिमको विवरण प्रत्येक हप्ता २०७४ भाद्र २० गते भित्र कर्मचारी प्रशासन महाशाखामा बुझाईदिनुहुन ।

| क.सं | कर्मचारी नम्बर | नाम | कार्यालय | सेवा स्थायी/करार /ज्यालादारी | पद | श्रेणी | कार्यालय दर्ता मिति | क.प्र.म.शा.माविवरण पठाएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

३) केन्द्रीय कार्यालय बाहेकका कार्यालय,क्याम्पस, विभागहरुले पदाधिकारी, शिक्षक,कर्मचारीहरुको सम्पति विवरण लाहाछाप गरी बुझीलिई बुझी लिइएको विवरण अनलाइन सफ्टवेयर(www.bibaran.nvc.gov.np)मा २०७४ भाद्र २० गते भित्र भरिसक्नु हुन र सोको जानकारी कर्मचारी प्रशासन महाशाखा त्रि.वि.मा उपलब्ध गराईदिनु हुन।
४) सम्पति विवरण सम्बन्धी थप सूचनाहरु भए त्रि.वि.को वेवसाइटwww.tu.edu.npबाट नियमित सूचित गरिने व्यहोरा अनुरोध छ । सम्पति विवरणको फाराम www.tu.edu.npबाट डाउनलोड गर्न सकिने छ ।

समयभित्र सम्पति विवरण नभरेमा रु.५०००।– जरिवाना गरी पुन: भर्न लगाउने कानुनी व्यवस्था भएको समेत जानकारी गराउदछौं ।

अन्य जानकारी चाहिएमा
संतोष पंजियार
मुख्यप्राविधिक सहायक (कम्प्युटर)
मो.न.:९८४१४५८८५७
panjiyar.santosh@yahoo.com/pad@tribhuvan-university.edu.np